अरुण गाउँपालिका, भोजपुर
स्थानीय भूउपयोग परिषद बैठक
मिति:२०८१/०४/२६

**निर्णयहरु**

**निर्णय नं. १**

स्थानीय भूउपयोग परिषद बैठकले यस अघि गरेको निर्णयको कार्यान्वयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

साविक चम्पे गा.वि.स.-७ स्थित हाल अरुण गाउँपालिका-२ हिलेभञ्ज्याङ-चम्पे-कुडुलेघाट सडक पूर्व, डाँडा खेतदेखि देउराली जाने सडक पश्चिम, देउराली थामी गाउँ उत्तर, साविक चम्पे गा.वि.स.-८ नौलेटोल दक्षिणको सिस्नेरी घिमिरेटार इलाका भित्रको भूभाग साविकको भूउपयोग क्षेत्र वर्गीकरणमा कृषि क्षेत्र भएको तर सो क्षेत्रमा विगतमा पनि बसोबास रहेको र हाल गाउँ कार्यपालिकाको निर्णयानुसार सो इलाकामा होमस्टे सञ्चालनको लागि स्वीकृति समेत भएको हुँदा उल्लिखित इलाकालाई भूउपयोग क्षेत्र परिवर्तन गरी आवास क्षेत्रमा वर्गीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

अरुण गाउँपालिका, भोजपुरको भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ वडा नं. १ को बुँदा नं. ३ मा उल्लिखित महङ्काली स्कुलदेखि दक्षिणतर्फ १८० मिटर अगाडिसम्म बाटोको दायाँ बायाँ ५० मिटर कायम गरिएकोमा सो आवश्यक नभएको हुँदा उल्लिखित बुँदा सबै हटाउने निर्णय गरियो ।

**निर्णय नं ४**

अरुण गाउँपालिका, भोजपुरको भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ वडा नं. २ को बुँदा नं. ८ मा चम्पे माध्यमिक विद्यालयबाट धनसार जाने बाटो चोकदेखि २२० मिटर उत्तरतर्फ बाटोको दायाँबायाँ ३० मिटर व्यापारिक क्षेत्र भनि वर्गीकरण भएकोमा सोको सट्टा चम्पे स्वास्थ्य चौकी डाँडाबाट धनसार जाने सडकको चौकदेखि २२० मिटर उत्तरतर्फ सडकको दायाँ बायाँ ३० मिटर व्यापारिक क्षेत्र कायम गरी वर्गीकरण गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

अरुण गाउँपालिका, भोजपुरको भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ वडा नं. ३ को बुँदा नं. ५ मा प्याउली बजारको चम्पे जाने बाटोको मोडदेखि ४०० मिटर लेगुवातर्फ

अध्यक्ष

सडकको पश्चिमतर्फ ७० मिटर व्यापारिक क्षेत्र भनी वर्गीकरण गरिएकोमा सो संशोधन गरी प्याउली बजारको चम्पे जाने सडकको मोडदेखि लेगुवातर्फ जाने सडक खण्डको १ किलोमिटरसम्मको दायाँ बायाँ ७० मिटर व्यापारिक क्षेत्र कायम गरी वर्गीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

- अरुण गाउँपालिका, भोजपुरको भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ वडा नं. ५ को बुँदा नं. १ को याकु स्कुलदेखि सितलादेवी मन्दिर आउने बाटोमा चोकबाट १५० मिटर अगाडिसम्म सडकको दायाँ बायाँ ३० मिटर क्षेत्र व्यापारिक क्षेत्र भनी वर्गीकरण गरिएकोमा उल्लेखित क्षेत्रलाई आवास क्षेत्रमा परिवर्तन गर्ने निर्णय गरियो ।
- अरुण गाउँपालिका, भोजपुरको भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ वडा नं. ५ को बुँदा नं. ८ को बरचौकदेखि आरुखर्कसम्म ८०० मिटर अगाडिसम्म बाटोको ४० मिटर दायाँ बायाँ आवास क्षेत्र भनी वर्गीकरण गरिएकोमा सो परिवर्तन गरी बरचौकदेखि अगाडि/पछाडि ४००/४०० मिटर सडक खण्डको दायाँ बायाँ ४० मिटरसम्म आवास क्षेत्रमा वर्गीकरण गर्ने निर्णय गरियो ।
- अरुण गाउँपालिका, भोजपुरको भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी कार्यविधि, २०८१ मा वर्गीकरण गर्न छुट भएको वडा नं. ५ को याकु चौकदेखि जिमीगाउँसम्म जाने सडकको दायाँ बायाँ ३० मिटर क्षेत्रलाई आवास क्षेत्रमा वर्गीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

- अरुण गाउँपालिका, भोजपुरको भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ वडा नं. ७ को बुँदा नं. १० सिक्रेटार सगरमाथा स्कुल वरीपरी २० मिटरसम्म व्यापारिक क्षेत्र भनी वर्गीकरण गरिएकोमा सोको सट्टा सिक्रेटार वडा कार्यालयदेखि सगरमाथा स्कुलसम्म सडकको दायाँ बायाँ २० मिटरसम्म व्यापारिक क्षेत्र र सो व्यापारिक क्षेत्रभन्दा पछाडि ३० मिटरसम्म आवास क्षेत्र कायम गरी वर्गीकरण गर्ने निर्णय गरियो ।
- अरुण गाउँपालिका, भोजपुरको भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ वडा नं. ७ को बुँदा नं. ११ मा सिक्रेटार सगरमाथा स्कुलबाट दक्षिणतर्फ स्कुलबाट ५० मिटर पूर्व र ५० मिटर पश्चिमको भागमा बाटोको ८० मिटरको चौडाइ हुने गरी आवास क्षेत्र भनी वर्गीकरण गरिएकोमा सोको सट्टा सगरमाथा स्कुलदेखि ५० मिटर पूर्व र सिक्रेटार चौकदेखि ५० मिटर पश्चिमको सडक खण्डको दायाँ बायाँ ८० मिटर भित्रको जग्गा आवास क्षेत्रमा कायम गरी वर्गीकरण गर्ने निर्णय गरियो ।

अध्यक्ष